१. दर्ता, चलानी, राजश्व, लेखा लगायतका कार्य एवम् प्रणालीलाई सफ्टवेयर मार्फत **संचालन, व्यवस्थापन तथा अभिलेखांकन गर्ने** सफ्टवेयरको निर्माण तथा सञ्चालन र व्यवस्थापन **को कार्यशर्त विवरण**

क. संक्षिप्त विवरण

| | |
|---|---|
| **काम** : दर्ता, चलानी, राजश्व, लेखा लगायतका कार्य एवम् प्रणालीलाई सफ्टवेयर मार्फत संचालन, व्यवस्थापन तथा अभिलेखांकन गर्ने सफ्टवेयरको निर्माण तथा सञ्चालन र व्यवस्थापन | **सेवा प्रकृति** : **परामर्श सेवा** |
| **कार्यालय:** आठविसकोट नगरपालिकाको कार्यालय, पश्चिम रुकुम | **सुपरिवेक्षक:** नगर कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत र **नगरपालिका अन्तर्गतका निकायहरू** |
| **कार्य समय** : सम्झौता बमोजिम | **सेवा अवधि** : बढिमा तीन महिना |
| **प्रतिवेदन पेश गर्नुपर्ने निकाय** : **आठविसकोट नगरपालिकाको कार्यालय, रूकुम(पश्चिम)** | **मुख्य कार्य :**<br>• **दर्ता, चलानी, राजश्व, लेखा सम्बन्धी अभिलेख राख्नको लागि सफ्टवेयरको निर्माण एवम् विकास**<br>• **विकास भएको सफ्टवेयरमा दर्ता, चलानी, राजश्व, लेखासँग सम्बन्धीत कार्यहरू संचालन, व्यवस्थापन तथा अभिलेखांकन गर्ने**<br>• **सफ्टवेयरको संचालनको लागि सम्बन्धित कर्मचारीहरूलाई तालिम प्रदान गर्ने**<br>• **सफ्टवेयरसँग सम्बन्धित अन्य कार्यहरू गर्ने** |

उद्देश्यहरु :

- **दर्ता, चलानी, राजश्व, लेखासँग सम्बन्धित अभिलेख दुरूस्त राख्ने ।**
- **कार्यसम्पादन स्तर एवम् सेवा प्रवाह र प्रतिवेदनमा छिटो छरितो र गुणस्तरता कायम गर्ने ।**
- **सार्वजनिक उत्तरदायित्व, जवाफदेहीता र पारदर्शितालाई प्रवर्द्धन गर्दै विद्युतीय सुशासनमा टेवा पुर्‍याउने ।**
- **विद्युतीय शासन** (E-governance) **अनुरूप स्थानीय तहका आवश्यकताहरूलाई सम्बोधन गर्ने कार्यालयका थप आवश्यकताहरूको आंकलन तथा विश्लेषण गर्ने आधार तयार गर्ने**
- **कर्मचारीहरूको दक्षता र क्षमता अभिवृद्धि गरी विद्युतीय शासनलाई कार्यान्वयनमा ल्याउने ।**

ख. कार्य विवरणहरु

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सुचक | सुचकको स्रोत |
|---|---|---|
| परामर्शदाताले गर्ने कार्यहरु निम्नानुसार हुनेछन्: | | |
| • दर्ता, चलानी, राजश्व, लेखा सम्बन्धी अभिलेख राख्नको लागि सफ्टवेयरको निर्माण एवम् विकास गर्ने ।<br>• विकास भएको सफ्टवेयरमा दर्ता, चलानी, राजश्व, लेखासँग सम्बन्धीत कार्यहरू संचालन, व्यवस्थापन तथा अभिलेखांकन गर्ने ।<br>• सफ्टवेयरको संचालनको लागि सम्बन्धित कर्मचारीहरूलाई तालिम प्रदान गर्ने ।<br>• सफ्टवेयरसँग सम्बन्धित अन्य कार्यहरू गर्ने । | • दर्ता, चलानी, राजश्व तथा लेखासँग सम्बन्धित सफ्टवेयरको निर्माण भई कार्यान्वयनमा आएको ।<br>• सम्बन्धित कर्मचारीहरूले सो सम्बन्धमा तालिम प्राप्त गरी सफ्टवेयर संचालन तथा व्यवस्थापन गरेको ।<br>• परामर्शदाताको सफ्टवेयर सम्बन्धी ज्ञान तथा सीप हस्तान्तरण भएको | • स्थानीय तहका प्रणालीहरूको संचालन र प्रतिवेदन ।<br>• नगरपालिकाका विभिन्न निकायले गरेको अनुगमन तथा मूल्यांकण<br>• सम्बन्धित फाँटका कर्मचारीहरूको कार्यसम्पादन स्तरको मापण |

ग. कार्यविवरण लक्ष्य तथा उद्देश्य पुरा गर्न आवश्यक क्षमता तथा स्रोतसाधनहरु

| सीप तथा क्षमता | स्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा वातावरण |
|---|---|---|
| • सूचना तथा सञ्चार प्रविधिमा दक्षता<br>• सफ्टवेयर निर्माण सम्बन्धी कार्यमा दक्ष एवम् निपुण | • ल्यापटप<br>• इन्टरनेट<br>• मोवाइल<br>• दक्ष जनशक्ती | • कार्यक्रम सम्बन्धमा आधारभुत एवं अन्य विषयगत तालिम, अभिमुखिकरण<br>• सन्दर्भ सामाग्रीहरूको उपलब्धता -नीतिगत दस्तावेजहरू, कार्यक्रम दस्तावेज र कार्य योजना आदी)<br>• अनुभव आदान प्रदान र सिकाईको अवसर<br>• उपयुक्त कार्य वातावरण (सूचनामा पहुँज, अन्तर सम्बन्धको विकास, उत्प्रेरणा आदी) |

➢ परामर्शदाताले सम्झौता भएको मितिले दुई महिनाभित्र माथि उल्लेखित सम्पूर्ण कार्यहरू सम्पन्न गरी नगरपालिकामा प्रतिवेदन सहितको प्रोफाइल पेश गरिसक्नु पर्नेछ ।

➢ नगरपालिकाले परामर्शदाताको लागि आवश्यक पर्ने नगरपालिकामा उपलब्ध भएसम्मका एवम् उपलब्ध गराउन मिल्ने खालका सूचनाहरू उपलब्ध गराउने छ ।

➢ माथि उल्लेखित कार्यहरू गर्न नगरपालिकाले उपलब्ध गराउन सक्ने भौतिक सुविधा एवम् उपकरणहरू छनौट

भएको परामर्शदाता र नगरपालिकाविचको सम्झौतामा उल्लेख गरिनेछ ।